# REGIONAL NEWS UNIT

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE:21.03.2024**

---

*Nominations filing*

लोकसभाको पहिलो चरणको चुनाउ अनि सिक्किम विधानसभाको चुनाउका लागि हिजो अधिसूचना जारी हुनका साथै राज्यमा चनावी गतिविधि तीव्र भएको छ।

लोकसभाको एउटा सीट अनि छ वटा जिल्ला अन्तर्गत पर्ने जम्मा एकतीस निर्वाचन क्षेत्र र संघ सीटका लागि मतदान उन्नाइस अप्रेलमा हुने भएको छ।

एकतिस निर्वाचन क्षेत्रहरूमा गेजिङ जिल्ला अन्तर्गत योक्सम टाशीलिङ, याङथाङ, मानेबुङ देन्ताम र गेजिङ बर्मेक सामेल छन् भने पाकिम जिल्लाका पाँच समस्टिहरू हुन वेस्ट पाण्डम, रिनाक, छुजाचेन, नाथाङ माचोङ र नाम्चेबुङ।

नाम्ची जिल्ला अधिन पर्ने सातवटा समस्टिहरूमा बर्फुङ, पोक्लोक कामराह, नाम्ची सिंगिथाङ, मल्ली, नाम्थाङ रातेपानी, तिमि नाम्फिङ र राङगाङ समावेश छन्।

यसै गरी गान्तोक जिल्लाका निर्वाचन क्षेत्रहरू हुन तुमिन लिंगि, खाम्दोङ सिङताम ,स्यारी, मार्तम रूम्तेक, अप्पर तादोङ, आरिथाङ, गान्तोक, अप्पर बुर्तुक र संघ।

सोरेङ जिल्ला अन्तर्गत चारवटा समस्टि रिन्चेनपोङ, दरमदिन , सोरेङ च्याखुङ र सालघारी जूम पर्छन् भने मंगन जिल्लाका निर्वाचन क्षेत्रहरू कावी लुङचोक, जंगू र लाचेन मंगन हुन्।

राज्यका छ वटै जिल्लाका जिल्लाधीश तथा रिटर्निङ अधिकारीहरू अनुसार चुनाउका लागि नामाङ्कन पत्र भने आज दोस्रो दिनमा पनि कसैले मनोनयन पत्र भरेनन्।

नामङ्कन बूझाउने अन्तिम मिति सताइस मार्च हो तथापि सार्वजनिक अवकाश र चौथो शनिवार गरी तेइस, चौविस र पच्चीस मार्चमा नामाङ्कन दर्ता गर्न पाइने छैन।

मनोनयन पत्रहरूको जाँच अठाइस मार्चका दिन गरिनेछ।

---

*MK Sharma joined*

राज्यका पूर्व मन्त्री डा. एम के शर्मा सिक्किम प्रजातान्त्रीक मोर्चा, SDF पार्टीमा सामेल हुनुभएको छ।

खाम्दोङ सिङताम समस्टिको खासा सिमेक लिङजेमा आज आयोजित जन समावेशी कार्यक्रममा उहाँले SDF पार्टीको सदस्यका ग्रहण गर्नुभयो।

उल्लेखनीय छ डा. शर्माले खाम्दोङ सिङतामवाटै सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको टिकटमा 2019 सालको चुनाउ जितेर स्वास्थ्य मन्त्री हुनुभएको थियो।

जनसभालाई सम्वोधन गर्दै उहाँले सिक्किमलाई बचाउनका लागि SDF 2.0 मा सामेल भएको बताउनुभयो।

आफ्नो वकत्वयमा पार्टी अध्यक्ष श्री पवन चामलिङले भन्नुभयो SDF पार्टीले चुनाउ जितेर सत्तामा आएको खण्डमा शान्ति र सुरक्षामाथि विशेष ध्यान दिइनेछ।

उहाँले आगामी लोकसभामा र विधानसभामा चुनाउ एसडीएफ पार्टीले कसैसित गठबन्धन नगरी लड़ने संकेत दिनुभयो।

---

***Expenditure observer (Gangtok)***

गान्तोक जिल्लाका लागि आम चुनाउ 2024 का खर्च पर्यावेक्षकहरू श्री एस सुन्दर साम, श्री जे प्रेमानन्द र श्री प्रसून काञ्नाले आज वुर्तुकमा क्षेत्र मजिस्ट्रेट, सहायक खर्च पर्यावेक्षकहरू, भिडियो निगरानी टोली स्टाटिक निगरानी टीम, फलाङ्ङ स्क्वाड टीम र सेक्टर पुलिस जस्ता विभिन्न टीमहरूसित बैठक डाकेका थिए।

यसमा खर्च पर्यावेक्षकहरूले यी टीमहरूको तयारीको जाँच गर्नका साथै सतर्क भएर चुनाउका सबै नियमहरूको पालन गरी ड्यूटी गर्नुपर्ने आव्यकतामाथि जोड़ दिए।

---

***Expenditure observer (pakyong)***

पाकिम जिल्लाका लागि खर्च पर्यावेक्षक श्री आशीष कुमार पाण्डेले आज पाकिम जिल्ला प्रशासनिक केन्द्रमा खर्च देखरेख तन्त्र सम्वन्धी बैठकको अध्योक्षता गर्नुभयो।

यसमा जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री टाशी छोपेलले उहाँलाई चुनाउको देखरेखमा संलग्न विभिन्न टीमहरूवारे जानकारी दिनुभयो।

चुनाउ खर्चको देखरेख गर्ने नोडल अधिकारीहरूसित कुराकानी गर्दै खर्च पर्यावेक्षकले भारतको निर्वाचन आयोगद्वारा निर्धारित दिशानिर्देश अनुरूप सही रेकर्ड कायम राख्नुपर्ने र हिसाबकिताब पारदर्शी हुनुपर्ने खाँचोमाथि जोड़ दिनुभयो।

उहाँले सबैसित स्वतन्त्र र निस्पक्ष चुनावी प्रक्रिया सुनिश्चित गर्न प्रतिवध्द रहने आग्रह गर्नु भएको छ।

---

***Expenditure observer (namchi)***

नाम्ची जिल्लाको सबै समस्टिका लागि केन्द्रीय खर्च पर्यावेक्षक श्री आशीष कुमार शुक्लाले आज नाम्ची जिल्ला प्रशासनिक केन्द्रको भ्रमण गर्नुभयो।

भ्रमणका बेला जिल्ला निर्वाचन अधिकारी श्रीमती अन्नपूर्ण आलेले उहाँलाई जिल्ला चुनाउ प्रवन्धन योजना अनुरूप सम्पूर्ण तयारीवारे अवगत गराउनुभयो।

खर्च पर्यावेक्षकले नोडल अधिकारीरूसित बैठक गरी आम चुनाउ 2024 का रणनीतिवारे चर्चा गर्नुभयो।

C vigil र अन्य सम्वन्धित मामिलाहरूवारे जानकारी दिँदै उहाँले नोडल अधिकारीहरूसित दैनिक रिपोर्ट समयमा बुझाउने आग्रह गर्नुभयो।

---

***Expenditure observer geyzing soreng***

गेजिङ जिल्लाका लागि आम चुनाउको खर्च पर्यावेक्षक श्रीमती अमूलदीप कौर हुनुहुन्छ।

गेजिङमा आद सहायक खर्च पर्यावेक्षक र खर्च देखरेख सम्वन्धी नोडल अधिकारीसितको बैठकमा उहाँले चुनाउको तयारीको समीक्षा गर्नुभयो।

अर्कातिर सोरेह जिल्लाका खर्च पर्यावेक्षक श्री श्री कान्त एन ले आज जिल्ला प्रशासनिक केन्द्रमा जिल्ला निर्वाचन अधिकारी सुश्री यिस्से डी योङडा र अन्य अधिकारीहरूसित भेट गरनुभयो।

अन्तक्रियाको क्रममा खर्च पर्यावेक्षकले उम्मेदवार र उनीहरूका टीमद्वारा गरिएको दावीका लागि सहायक दस्तावेजको रूपम फोटो र भिडियोको माध्यमले शारीरिक प्रमाण एकत्र गर्न आवश्यक रहेको बताउनुभयो।

---